# पीसविन




# बार्षिक प्रतिवेदन सन् २०१९

**पीसविन**

**केन्द्रिय कार्यालय, मार्तडी**

**फोन ०९७५४११११३**

## प्रतिवेदनको सम्बन्धमा

नेपालमा प्रजातन्त्रको उदयसंगै वि.स. २०४७ असोज १० गते समुदायमा आधारित समूहको रुपमा पीसविनको स्थापना भै २०४९ साल पौष ५ गते जिल्ला प्रशासन कार्यालय, बाजुरामा दर्ता भयो । नेपालका दुर्गम ग्रामीण क्षेत्रका बालबालिका, महिला, युवा समुदायसँग हातेमालो गरी काम गर्दै आएको पीसविनले २९ वर्ष पूरा गरेको छ । करिब ३ दशकको जीवनमा नेपाली समाजमा विकास भैरहेका राजनीतिक, सामाजिक, साँस्कृतिक, आर्थिक घटनाक्रमहरुसँग परिचित हुँदै आएको पीसविनले सामाजिक परिवर्तनको लागि विभिन्न प्रयास गरिरहेको छ । सामाजिक, आर्थिक, शैक्षिक, न्यायिक सुधारमा जोड दिन दिगो विकासको लागि नागरिकहरुको सशक्तिकरण जनउत्तरदायी कार्यक्रम मार्फत सरकारलाई नागरिक प्रति उत्तरदायी बनाउनको लागि यो वर्ष पनि स्थानीय सरकार नागरिक समाजसंगको समन्वयमा विविध कार्यक्रमहरु संचालन गरिए ।

सबै तह र तप्काबाट संचालन हुने सामाजिक रुपान्त्रणका प्रयाहरुलाई दिगो बनाउन, स्थानीय सरकारका योजनाहरुलाईं जनमुखी तथा गुणस्तरीय बनाउनको लागि, कार्यक्रमहरुको एकिकृतिकरण तथा सधनीकरणको साथै विकासमा साझेदरीलाई प्राथमिकता दिनको साथै स्थनीइ साधान स्रोतको अधिकम् प्रयोग, बदलिदो परिवेशमा नैया प्रविधीहरुको हस्तान्त्रणको साथै मानवअधिकारको प्रत्याभूति दिने खालका कार्यक्रम संचालन यो वर्ष संचालन गरिएका थिए । महिला, बालबालिका, यूवाहरु, पछाडी पारिएको समुदाय वर्गहरुको जीवनमा सकारात्मक परिवर्तन ल्याउनको लागि स्थानीय स्तरमा निति नियमहरु बनाउन सहजीकरण, पहुँच विस्तारको साथै उनिहरुका प्रगतिमा बाधा पुर्‍याउने कतिवय सामाजिक बाधा बन्धनहरुको विरुद्धमा अभियान संचालन गरिएका थिए ।

वार्षिक प्रतिवेदन प्रकाशन गरी सरोकारवलाहरुमा पुर्‍याएर सुशासित संस्थाको जवाफदेहिता पूरा गर्नु हाम्रो कर्तव्य हो । सन् २०१९ को वार्षिक प्रतिवेदन यसैको नियमित अंश हो । यो प्रतिवेदन पीसविनका कार्यक्रमगत विषयक्षेत्र (Thematic Area of Work) का आधारमा तयार पारिएको छ । विगतका वर्षहरु जस्तै सन् २०१९ मा पीसविनलाई आर्थिक, भौतिक, मानवीय सहयोग र सहकार्य, सांझेदारी गर्नुहुने स्थानीय सरकार, सरकारी कार्यालयहरु, सांझेदार संस्थाहरु, समुदायका समूह र तिनका नेटवर्कहरु, राष्ट्रिय ⁄ अन्तराष्ट्रिय नेटवर्कहरु र शुभेच्छुकहरुमा हार्दिक आभार व्यक्त गर्दछु । संस्था संचालन, कार्यक्रम संचालन, चुनौतीपूर्ण अवस्थामा खटेर सफलता प्राप्तिमा योगदान गर्नुहुने पीसविन कार्यसमितिका सदस्यहरु, स्वयम्सेवकहरु, कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । पीसविनको स्रोत व्यवस्थापन, संस्थागत विकास, कार्यक्रम संचालनमा सबैबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु । यो प्रतिवेदन तयार गर्ने पीसविनको सम्पूर्ण टिमलाई पनि धन्यवाद दिन चाहान्छु ।

धन्यवाद ।

जय अवसर, जय विकास ,

विमला थापा
अध्यक्ष

**विषय-सूची**

## Contents


१. बाल अधिकार र गुणस्तरीय शिक्षा(**Child Rights and Quality Education)**) :.......... 4

२.महिला नेतृत्व र लैंङ्गिक विकास **(Women Leadership & Gender & Development)** :.......... 5

३.सुशासन र युवा सहभागिता **(Good Governance & Youth Participation)** :.......... 7

**४.सहकारितामा आधारित आर्थिक विकास :**.......... 10

**५.मानव अधिकार, लोकतन्त्र र समावेशीकरण :**.......... 12

**६.सामाजिक  सुरक्षा र सुलभ स्वास्थ्य सेवा :**.......... 13

**७. वातावरण तथा प्रकोप व्यवस्थापन :**.......... 14

**समुदायिक पहुँच तथा भौतिक पूर्वाधार विकास :**.......... 15

**८.संस्थागत सुदृढिकरण :**.......... 15

**१०.अनुगमन तथा मूल्याङ्कन :**.......... 16

**सन् २०१९ को आम्दानी-खर्च विवरण**.......... 17

## १. बाल अधिकार र गुणस्तरीय शिक्षा(Child Rights and Quality Education)) :

**पहुँच विस्तार**

- १८७५ जना बालबालिकाहरुलाई छात्रबृत्ति (युनफिम र स्टेशनरी आदी) सहयोगगरियो ।
- बालअनुदान कोष मार्फत ४६ जना र उच्च शिक्षा अध्यायनको लागि सहयोग ८४ जना बालबालिकाहरुलाई विद्यालयमा निरन्तर गरियो ।
- विद्यालय छोडेका तथा पहुँच बाहिर रहेका १५ जना बालबालिकाहरुलाई भर्ना अभियान मार्फत विद्यालयमा भर्ना गरियो
- ४७ वटा विद्यालय स्तर, ३ वटा कलस्टर स्तर र एक वटा प्रदेश स्तरीय अवसरका कियकलाप मार्फत १४९३ जना बालबालिकाहरुले आफ्नो प्रतिभा प्रस्फुनको अवसर पाएका छन् ।
- किशोरीहरुको विद्यालय निरन्तरताको लागि १० वटा विद्यालयमा महिनावारी स्वच्छता सामग्री सहयोग, १४ वटा विद्यालयका ४४९ जना बालिकालाई स्यानेटरी प्याड बनाउने तालिम, ५ वटा विद्यालयमा शौचालय, ४ वटा विद्यालयमा खानेपानी सहयोग गरियो ।
- १४ वटा विद्यालयका बढि उपस्थित हुने बालबालिका र तिनका अभिभावकहरुलाई सम्मान तथा कदर गरियो ।
- बालहेल्पलाईन १०९८ बाट ९४ जना बालबालिकाहरुको खोज, उद्धार, पारिवारीक मिलन, मनोविमर्श सेवा पाएका छन् ।
- स्पोन्सर ११९ जना बालबालिकाहरुलाई सामाजिकीकरण गर्न बनभोज कार्यक्रममा सहभागि भए, १७९० जना स्पन्सरसिप बालबालिकाहरुको घरभेट कार्यक्रम पश्चात उनिहरु विद्यालयमा निरन्तरत भएका छन् ।
- कार्यक्षेत्रका ३ वटा सहकारीले आम्दानीको ५ प्रतिसत रकम बालअनुदान कोषको व्यवस्थापन गरि यो वर्ष मात्र रु ८६४१२।०० बाल अनुदान कोषमा मार्फत बालबालिकाहरुलाई विद्यालय निरन्तरताको लागि सहयोग गरेका छन् ।

**सिकाई वाताबरण सुधार :**

- विद्यालय र बालविकास केन्द्रका २६ वटा कक्षाकोठा व्यवस्थापन गर्न ( फलोरसिटिग, फर्निचर, कार्पेट, पिफम, सिकाई सामग्री आदी) सहयोग गरिएको छ ।
- शिक्षक, अभिभावक, बालबालिका र शिअसंघलाई तालिम, अनुशिक्षण, अर्न्तकिया कार्यक्रम मार्फत जम्मा २११३ जना प्रशिक्षित भएका छन् ।
- पुस्तकालय २, कम्प्युटर, ल्यापटप, प्रजेक्टर ७, विज्ञान प्रयोगशाला १ विद्यालयमा सहयोग गरि जम्मा १३४४ जना बालबालिका प्रतक्ष्य लाभान्वित भएका छन् ।
- सिकाई उपलब्धि कम भएका १४ विद्यालयमा ४२० जना बालबालिकाहरु अतिरिक्त कक्षा संचालनबाट लाभान्वित भएका छन् ।
- जीवनोपयोगी सीप र वित्तिय सीप मार्फत १३ वटा विद्यालयका ५४० किशोर किशोरीहरु लाभान्वित भएका छन् ।
- प्रकोप पूर्वतयारीको लागि ३२ वटा विद्यालयका १५७८ जनालाई विपतमा बच्ने उपाएका बारेमा सीपमुलक अभ्यास सिकाईयो ।

**विद्यालय सुशासन निति कार्यान्वनय**



- १३ विद्यालयमा पढाई विकास कार्ययोजना बनाई कार्यान्वयन गर्न सहजीकरण गरियो
- नागरिक शिक्षा प्रतिवेदन ३ वटा ( जनता आधारभूत विद्यालय, बालविकास आधारभूत विद्यालय, हिमाली आधारभूत विद्यालय) विद्यालयमा बनाई कार्यान्वयन गरियो ।
- विद्यालय सुधार योजना १० वटा विद्यालय र विपत् व्यवस्थापनको योजना बनाउन २० विद्यालयमा बनाउनको लागि सहजीकरण गरिएको थियो ।
- बुढिगंगा नगरपालिकामा बालविवाह न्यूनिकरणका लागी रणनितीक योजना बनाई कार्यान्वयनको लागी सहजीकरण गरियो ।
- बुढिगंगा नगरापलिका र त्रिवेणी नगरपालिकाको शिक्षा निती बनाउन सहजीकरण गर्नको साथै प्रभावकारी कार्यन्वयनको लागि पनि सहयोग गरियो ।
- कार्यक्षेत्रका १० वटा विद्यालयमा गुनासो सुनुवाई संयन्त्रको बारेमा अनुशिक्षण गर्नको साथै कार्यन्वयनको लागि सहयोग तथा सहजीकरण गरियो ।

संस्थाहरुको क्षमता विकास

- खप्तड छेडेदह गापा र बुढिगंगा नपाको बालसंरक्षण समिति गठनका भएको छ ।
- विद्यालयमा आधारित २८ वटा बाल समूह, १० वटा विद्यालयमा किशोरी समूह गठन, पुनर गठन र अनुशिक्षण गरियो
- सहकारी मार्फत २५ जना बालबालिकाहरुलाई बचत अवधारणाको विकासको लागि खुत्रुर्के सहयोग
- जम्मा १४ वटा विद्यालयका प्रअ र तिन वटा स्थानीय तहका शिक्षा ईकाई प्रमुखलाई सुर्खेतमा भएका शिक्षा सम्मेलनमा सहभगी गराई विद्यालय सुधारको लागि कार्ययोजना निर्माण गरियो ।

**अभियानमुखी कार्यक्रम**

- विद्यालय भर्ना अभियान, शिक्षा दिवस, खोप सप्ताह, जन्म दर्ता, विद्यालय शान्ति क्षेत्र, अनिवार्य तथा निशुल्क शिक्षा, बालविवाह विरुद्धको अभियान जस्ता कियाकलापहरु सरोकारवाला निकायसंग मिलेर संचालन भई करिव १९००० बालबालिका लाभान्वित भएका छन् ।

## **२.महिला नेतृत्व र लैंङ्गिक विकास (Women Leadership & Gender & Development) :**

संस्थागत विकास

- कोल्टी भेगका २ वटा महिला अधिकार मंच र महिलाको नेतृत्वमा गठन भएका सहकारीलाई कार्यलय, व्यवस्थापनको लागि कम्प्युटर, सोलार र प्रिन्टर सहयोग गर्नको साथै उनिहरुको क्षमता आँकलन गरि सुधारको लागि कार्ययोजना बनाई कार्यान्वयन गर्न सहजीकरण गरियो ।
- महिलाको पक्षधर कानुनहरुको बारेमा ९२ जना महिलाहरुलाई तालिम दिईयो ।
- एक वटा आमा समूहको विधान बनाउन सहजीकरण गर्नको साथै दर्ता प्रकृयामा सहयोग गरियो ।
- जम्मा १०१ वटा रिफ्लेक्टको कार्ययोजना बनाई पैरवीको लागि सहजीकरण गरियो भने उनिहरुको समुदय सुधारको योजना कार्यन्वयनको लागी पैरवी गर्न सहयोग गरिएको थियो ।

सहभागिता

- विभिन्न समूह, समिती, संजालमा महिला तथा किशोरीको सहभागीता बृद्धि गर्नको लागि अनुशिक्षण, अर्न्तकिया र छलफल कार्यकममा करिव २२८३ महिलाहरुको प्रतक्ष्य सहभागिता रहेको थियो ।
- महिला अधिकार सुनिश्चित गर्नको लागि पुरुष संलग्नता बृद्धि गर्न २०७ जना धामी झाकिलाई तालिम पश्चात उनिहरु छाउपडि कुप्रथा विरुद्धको अभियानमा जुटेका छन् । साथै लैगिक हिंशा अन्त्यको लागि ऐक्यबद्धता जाहेर गर्न ६२ जना पुरुष अगुवासंग अर्न्तकिया गरियो ।



- लैगिक हिंशा अन्त्यको लागि विभिन्न सूचना मुलक होर्डिगबोर्ड, भित्तेलेखन, रेडियो कार्यकमलाई निरन्तर गरिएको थियो ।
- समान कामको समान ज्यालाको साथै घरेलु कामको बाँडफाँडको लागि विभिन्न समूह समितिहरुमा छलफल अर्न्तकिया कार्यकम सम्पन्न भए ।
- महिला अधिकारलाई प्रवर्द्धन गर्न प्रतक्ष्य सहयोग पुर्‍याउने गरि महिला श्रमीक, १६ दिने महिला हिशा विरुद्धको अभियान, एक राष्ट्र अभियान, किशोरी दिवस, महिनावारी स्वच्छता लगायतका दिवस मनाईयो । यी कियाकलापहरुबाट करिव १३५७४ जना सहभागी भएका थिए ।
- बुढिगंगा र त्रिबेणी नगरपालिकामा १० वटा कार्यमुलक साक्षरता कक्षा मार्फत २०० जना महिलाहरुलाई साक्षर भएका छन् भने यो कक्षाले साक्षर नेपाल अभियानलाई पनि सहयोग पुर्‍याएको छ ।

**न्यायमा पहुंच**

- छाउपडि कुप्रथा विरुद्धको अभियानलाइ प्रभावकारी रुपमा कार्यान्वयन गर्नको लागि माननीय सांसद बिन्द्रा पाण्डे लगायतको टोलीले बुढीनन्दा नगरपालिकामा १ दिने अनुशिक्षण कार्यक्रम सञ्चालन गरेको थियो ।

- कार्यक्षेत्रका ५००० परिवारमा सूचनाको हक विस्तारको लागि नेपालको संविधान लगायतका सुचना सामग्री वितरण गरिएको थियो ।
- बुढिगंगा र बुढिनन्दा नगरपालिकामा न्यायिक समितिको क्षमता विकासको साथै महिलाहरुलाई न्यायमा पहुँच विस्तार गर्न संप्रेषण संयन्त्रको निर्माण तथा कार्यान्वयन गर्नको लागि सहजीकरण गरियो ।
- बुढिनन्दा नगरपालिकामा छाउपडि प्रथा अन्त्यका लागि कार्यविधि निर्माणको गर्न सहजीकरणको साथै अभियान कार्यान्वयनको लागी सहयोग समेत गरिएको छ ।
- बार्जुगाड र कोल्टी प्रहरी चौकी, बुढिनन्दा र बुढिगंगा नगरपालिकाको सेवा प्रभावकारीता बारे सामुदायिक अंकतालिका मार्फत मापन गर्नको साथै सुधारको लागि कार्ययोजना बनाइयो ।
- लैगिक हिशा अन्त्यको लागि नेपाल प्रहरीसंगको साझेदारीमा समुदाय र विद्यालयमा संचेनतामुलक क्रियाकलाप संचालन गरिएका थिए ।
- यो वर्ष लैगिक हिशामा परेका ३ जना महिलाहरुलाई कानुनी उपचारको लागि रु ३००० तिनहजारको दरले सहयोग गरिएको थियो ।
- छाउपडि कुप्रथा विरुद्धको अभियानमा यो वर्ष १२६ वटा छाउपडि गोठ भत्काएर महिनावारी भएको बेलामा महिलाहरु घरमा नै बसेका छन् ।
- महिलाहरुलाई न्यायमा पहुँच पुर्‍याउनको लागि समुदाय स्तरमा नेपाल प्रहरी र राष्टिय महिला आयोग लगायतका नम्बरहरु जानकारी गराईएको थियो ।
- मदिराले महिला हिशामा बढावा दिएकोले महिला समूह, नेपाल प्रहरी, नागरिक समाज र संचार माध्यामको संयुक्त आयोजनामा कोल्टी भेगमा मदिरा नियन्त्रण लागि अभियान संचालन भएको थियो ।

## ३.सुशासन र युवा सहभागिता (Good Governance & Youth Participation) :

निति तथा कार्यक्रम :

- हिमाली गाउपालिका र बुढिनन्दा नगरपालिकाको योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको पक्षमा योजना निर्माण गर्नको लागि सहजीकरण गर्नको साथै योजना कार्यान्वयनको लागि सहयोग र साझेदारी गरियो ।
- अधिकारवालहरुको सूचनाको हकलाई सूनिश्चित गर्नको लागि सूचना अभियान संचालन गरिएको थियो । यसबाट ३५५० जना अधिकारवाला प्रतक्ष्य सहकागी भएका थिए ।
- हिमाली गाउपालिकाको गुनासो सूनुवाई संयन्त्र कार्यविधि २०७५, कृर्षि रणतिति बनाउनको लागि सहजीकरण गरियो भने, ३ वटा नगरपालिकाको शिक्षा निति, १७ वटा वार्ड र २ वटा पालिकाको विपत् न्यूनिकरण योजना, बडिमालिका नपाको जीवनको पार्जन रणनिति योजना, त्रिवेणी र बुढिगंगा नपाको यूवा निति बनाउनको लागि सहजीकरण गरियो ।

- संचालन भएका कार्यकमहरुको प्रभावकारीताको अनुगमन गर्नको लागि ४ वटा नगरपालिकामा परियोजना सल्लाहकार समितिको गठन भै अनुमन भैरहेको छ र हिमाली गाा र बुढिनन्दा नपामा गैसस डेस्कको स्थापन समेत भएको छ ।
- ३ वटा विद्यालयको नागरिक प्रतिवेदन तयार गरियो ।
- विद्यालय तथा सार्वजनिक स्थलहरुलाई बालमैत्री, लैगिक मैत्री बनाउनको लागि छलफल तथा सहजीकरण गरिएको थियो ।
- स्थानीय तहको कार्यालय र वडा कार्यलयमा नागरिक वडापत्र, सूचना अधिकारीको व्यवस्थापन भएको छ ।
- दुई वटा स्थानीय तहमा गुनासो सुनुवाई संयन्त्रको कार्यान्वयन भैरहेको छ ।

क्षमता विकास :

- जम्मा ६ वटा सामुदायिक संस्थाहरुको सहभागिता मुलक संस्थागत क्षमता लेखा जोखा गरि उनिहरुको क्षमता विकासको लागि कार्यालय व्यवस्थापन र १८० जनालाई तालिम दिईयो
- स्थानीय सरकार संचालन ऐन २०७४, नेपालको संविधानको बारेमा ९४ जनप्रतिनिधिहरुलाई तालिम दिईएको थियो । साथै ३२ निर्वाचित महिलाहरुलाई पनि उनिहरुको अधिकार, कर्तव्यको बारेमा तालिम दिइएको थियो ।
- कार्यक्षेत्रका १४ विद्यालय व्यवस्थापन समितीको गठन पुनरगठनको लागि सहजीकरण गरिएको थियो सो कार्यकममा ३३६ सहभागी भएका थिए ।
- जम्मा ४ वटा स्थानीय तहमा योजना तर्जुमा प्रकृयामा लक्षित वर्गको सहभागिता बृद्धिको लागि समुदाय, समूह समितिहरुका विभिन्न अर्न्तकिया, अनुशिक्षण कार्यक्म संचालन गरिएको थियो ।
- सुशासन तथा सामाजिक रुपान्त्रणको लागि स्थानीय तहका प्रतिनिधिहरुको भ्रमण तथा कार्ययोजना निर्माण र कार्यान्वयनको लागि सहजीकरण गरियो ।

## पैरवी तथा लवि

- दुई वटा स्थानीय तह र १७ वटा वार्डमा समुदाय स्तरमा कार्यन्वयन भएका सेवाहरुको बारेमा सार्वजनिक सुनुवाई कार्यकम सम्पन्न भै सुधारको लागि योजना बनाई कार्यान्वन भैरहेको छ । साथै १७ वटा वार्डहरुको सामुदायिक अंक पत्रको अभ्यास पछि सुधारको योजना कार्यन्वयन भै नागरिकहरुका सेवामा पहुँच विस्तार भएको छ ।

- निर्माणका कार्यक्रमहरुको सम्पन्नता पश्चात सार्वजनिक लेखा परीक्षण गर्ने अभ्यासमा बृद्धि भएको छ ।
- स्थानीय पत्रकार तथा नागरिक समाज मार्फत पीसविनद्धारा सञ्चालीत कार्यक्रमहरुको अनुगमन गरि सुझाव संकलन गरियो ।
- कार्यक्षेत्रका ८१ वटा रिफ्लेक्ट समूहले सामाजिक सवालमा पैरवी योजना वनाई स्थानीय तह तथा वडा पालिका सँग पैरवी गरेको ।

यूवाहरुको संस्थागत विकास

- यो वर्ष १२ वटा यूवा समूहको गठन, पुनर गठन र क्षमता विकासका कियाकलाप संचालन भएका थिए ।
- तीन वटा यूवा सूचना केन्द्रलाई प्रभावकारी व्यवस्थापन गर्नको लागि सहयोग तथा सहजीकरण, बडिमालिका नगरापालिको यूवा सूचना केन्द्रमा टोलफ्रि नम्बर स्थापनामा सहयोग । साथै सो नगरपालिमा यूवा निति निर्माणको लागि सहजीकरण गरिएको थियो । बाजुरा जिल्लाका सवै स्थानीय तहमा यूवा केन्द्रित कार्यकम तथा बजेट विनियोजनको लागि पैरवी मुलक अर्न्तकिया कार्यकम संचालन भएका थिए ।
- बुढिगंगा नगरपालिकामा तपाईको मेहनेत हाम्रो लगानी स्वरोजगार घुम्तिकोष कार्यकम संचालन गर्न सहजकिरण गरि कार्यन्वयन भैरहेको छ ।

**सहभागिता**

- स्थानीय तह तथा विभिन्न समूह समितीहरुको योजना तर्जुमा प्रकृयामा यूवाहरुको सहभागिता बृद्धि गर्न छलफल, अर्न्तकिया उनिहरुको अभियानमा सहयोग तथा सहजीकरण गरिएको थियो ।
- बडिमालिका नगरपालिकामा यूवा संसद अभ्यास गरिएको थियो यस्ले उनिहरुको सहभागितमा बृद्धि गर्न सहयोग पुगेको थियो ।

**उद्यमशिलता**

- यूवाहरुलाई व्यवसायीक बनाउनको लागि ४३ जनालाई लधुउद्यम, ४२ जनालाई सीप विकास तालिम दिइएको थियो । तालिम पाएका यूवा मध्ये निजी क्षेत्रको समन्वयमा २७ जना यूवाले रोजगारीको अवसर पाएका छन् । ५२ जना यूवाहरुले आफ्नै व्यवसाय संचालन गरेका छन् ।

- यूवाहरुको संयुक्त व्यवसाय संचालनको लागि उनिहरुको व्यवसायीक योजना निर्माण र कार्यन्वयनमा सहजीकरण गर्नका साथै स्थानीय तहबाट उनिहरुको योजनमा कार्यान्वयनको लागि बजेट विनियोजना गर्न पैरवी गरियो ।




- जम्मा ४७ जना यूवाहरुको व्यवसाय प्रवर्द्धनको लागि सहकारी मार्फत सामग्री सहयोग
- जिल्ला बाहिर भएका व्यपार मेलामा बाजुरा बाट २ जनाले सहभागिता जनाएका थिए ।
- बाजुरा जिल्लामा पहिलो पटक यूवा उद्यमी भेला संचालन गर्नको लागि सहयोग, साझेदारी र सहजकिरण गरिएको थियो, मेलामा विभिन्न स्थानबाट ३० जना उद्यमी सहभागि भएका थिए र मेलामा उत्कृष्ट भएका ९ जनालाई सम्मान गरिएको थियो ।
- यूवाहरुलाई व्यवसायमा संलग्न गर्नको लागी ३ जनालाई एग्रोभेट स्थापनाको लागि सहयोग,
- यूवाहरुले उत्पादन गरेकार बस्तुहरुलाई बजार सम्म पहुँच पुर्‍याउन प्रथम बाजुरा आलु मेला आयोजना गर्नको लागि सहजीकरण  र सहयोग समेत गरिएको थियो ।

**४.सहकारितामा आधारित आर्थिक विकास :**

क्षमता विकास :

- कोल्टी भेगमा रहेका ५ वटा सहकारी र मार्तडी भेगमा रहेका ३ वटा सहकारीका १५० जना (संचाकलक समिती, सदस्यहरु ) लाई सहकारी व्यवस्थापन, कोष बृद्धि, वित्तिय साक्षरता सम्बन्धि तालिम दिए पछि २५ जनाले स्थाई लेखा नम्बर बनाएका छन् ।
- हिमाली गाउपालिकाको दिगो कृषि रणनिती योजना बनाउनको लागि सहजीकरण गरियो ।
- बुढिनन्दा नगरपालिका र हिमाली गाउपालिका, जगनाथ गाउपालिकाका १०७ वटा कृषक समूका २३२ जना अगुवा कृषकलाई विउविजन र कृर्षि उपकरण वितरण गरिएको छ । साथै यी समूहहरुका निमित रुपमा कृषक पाठशाला संचालन भएको छ ।

- जिल्ला कृर्षि ज्ञानकेन्द्रको सांझेदारीमा हिमाली र बुढिनन्दामा ५५०० फलफूलका विरुवा कृषकहरुलाई वितरण गरिएका छन् ।
- स्थानीय स्तरमा नै विरुवाहरु सुलभ रुपमा कृषकले पाउनको लागि ३ वटा नर्सरी स्थापन, व्यवस्थानको लागि सहयोग गरियो ।
- कृषकबाट उत्पादित वस्तुहरुलाई बजार सम्म पुर्याउनको लागि कोल्टी भेगमा ३ वटा संकलन केन्द्र स्थापन गर्नको साथै ३ वटा प्रस५ोधन केन्द्र ( सिस्नु, मसाला, जडिबुटि) संचालन गर्न  सहयोग गरिएको थियो ।
- कृषि उत्पादनलाई बढाउन गोठेमल व्यवस्थापन तथा भकारो सुधारको क्रियकलापहरु संचालन भै २१३ परिवार लाभान्वित भएका छन् ।
- सिकाई आदान प्रदान गर्नको लागि कृषकहरुको जिल्ला बाहिरको भ्रमणमा ३० जना कृषक सहधागि भएका थिए ।
- उत्पादनलाई बृद्धि गर्नको लागि ८ वटा साना सिंचाईबाट  १४५ रोपनी  मार्फत ५१७ घरधुरि लाभान्वित भएका छन् ।
- कृषकहरुलाई आधुनिक कृषि प्रविधिको बारेमा सूचना पाउनको लागि २०० जना कृषकलाई मोवाईल वितरण गरियो ।
- न्यूभिजन सहकारीलाई यूवाहरुलाई घुम्तिकोष परिचालनको लागि १ लाख ५० हजार अनुदान स्वरुप सहयोग गरियो ।
- हिमाली गापाको बाँधु क्षेत्रलाई तरकारी विशेष क्षेत्रको रुपमा विकास गर्नको लागि गाउपालिकासंग सहकार्य भै गाउपालिकाले घेरबारको व्यवस्थापन गरेको छ ।
- हलियाहरुको आम्दानीमा बृद्धि गर्नको लागि सिस्नुको धुलो उत्पादन तथा विकि वितरण गर्न कोल्टीमा प्रसोधन केन्द्र स्थापन गर्न सहयोग गरियो ।
- कृषकको क्षमता र सीपलाई बृद्धि गर्नको लागि दिगो कृषि, स्थानीय उत्पादन, रोग किरा नियन्त्रण, मौषमी पात्रो लगायतका विषयलाई समेटेर विभिन्न सन्दर्भ सामग्रीहरु निर्माण गरि १०७ समूहमा वितरण गरिएको छ ।

## ५.मानव अधिकार, लोकतन्त्र र समावेशीकरण :

- पीसविनबाट संचालन गरिएका सबै कार्यक्रम र क्रियाकलापमा मानवअधिकारमुखि अवधारणा कार्यन्वयन गरिएको थियो ।
- स्थानीय तहका ७२ जना प्रतिनिधिहरुलाई मानवअधिकार तथा सामाजिक समावेशीकरण, लैगिक उत्तरदायि बजेट लगायतका विषयमा अनुशिक्षण, अर्न्तक्रियक कार्यक्रम सम्पन्न भयो
- बालअधिकार, महिला अधिकार, जातिय छुवाछुत, हलिया पुनरस्थापना, भ्रष्टाचार विरुद्धको अभियान लगातका क्रियाकलापहरु सरोकारवाला निकायहरुको समन्वयमा संचालन भएका थिए । यी क्रियाकलापहरुमा करिव १३००० जनाको सहभागीता रहको थियो ।
- दुई बटा स्थानीय तहमा सामुदायिक अंक पत्र मार्फत उनिहरुको सेवालाई प्रभावकारी बनाउन स्वमुल्याँकन गरि कार्ययोजना निर्माण तथा कार्यन्वनयको लागि सहजीकरण गरियो । सार्वजनिक सुनुवाई, सार्वजनिक लेखा परीक्षण, बालबालिकाहरुसंग गुनासो र उनिहरुको अधिकारको बारेमा जानकारी मुलक क्रियाकलापहरु संचालन भए ।
- अधिकारवालाहरुको विभिन्न समूह समितीमा उनिहरुको सहभागिताको लागि पैरवीमुलक कृयाकलापहरु संचालन गरिए ।
- रेडियो कार्यक्रम सदारचारले लोकतन्त्र र मानवअधिकारको बारेमा जानकारीमुलक कार्यक्रम बर्ष भरि नै संचालन गरेको थियो ।
- सुरक्षित मातृत्वको, यौन तथा प्रजनन स्वास्थ्य अधिकारको बारेमा महिला, किशोरीहरुलाई तालिम, अनुशिक्षण र गोष्ठिहरु संचालन भएका थिए । यी कार्यक्रमबाट १२२९ जना लाभान्वित भएका थिए ।
- अपाँगता भएका १९४बालबालिकाहरुलाई उनिहरुको शिक्षा अधिकार सुनिश्चिताको गर्न प्रतक्ष्य सहयोग गरिएको थियो ।
- खाद्य तथा पोषणको सूचनाहकको बारेमा जानकारीमुलक सडकनाटक, संचालनको साथै, पोष्टर, पम्पलेट र अन्य सन्दर्भ सामग्री वितरण गरियो ।
- विद्यालय तथा सार्वजनिक स्थालहरुमा मानवअधिकार, सुशासन, सुरक्षित गर्भपतन लगायतका विषयहरुलाई समेटेर भित्तेलेखन होर्डिंगबोडको स्थापना गरियो ।

**६.सामाजिक  सुरक्षा र सुलभ स्वास्थ्य सेवा :**

- मातृत्व स्याहारको क्षेत्रमा स्वास्थ्य संस्थाको सेवालाई गुणस्तर बनाउन सामुदायिक अंकतालिकाको पुनरावलोकन, आमा समूहहरुको मासिक बैठक, संचालन भए ।
- महिला स्वास्थ्य स्वमसेविहरुको क्षमता विकासको लागि १७० जनालाई महिलावारी स्वच्छता व्यवस्थापन, पोषण सरसफाई, यौन तथा प्रजनन स्वास्थ्यको बारेको जानकारी मुलक अनुशिक्षण पश्चात १८ जना स्वमसेविकाहरु खोप क्नीकमा परिचालन भएका छन् । स्वास्थ्य आमा समूहका बैठकहरुमा सुरशिक्षत गर्भपतनको बारेमा अनुक्षिण पश्चात उनिहरुका बैठक  नियमित भएका छन् । ५४ जना स्वमसेविकहरुले सुरक्षित मातृत्वसेवा सुरक्षित गर्भपत् बारे अनुशिक्षण पश्चात ८६५ जनाले स्वास्थ्य संस्थाबाट यौन तथा प्रजनन् सेवा लिएका छन् । साथै परिवार नियोजनको साधन प्रयोग गर्नेको संख्यामा पनि बृद्धि भएको छ । स्वास्थ्य सवाल ( सुरक्षित गर्भपतन, आपतकालिन सहयोग ) लाई सम्बोधन गर्नको लागि विभिन्न स्थानीय तहले बजेट समेतको व्यवस्थापन गरेको छ ।
- हिमाली गाउपालिका र बुढिनन्दा नगरपालिकाका १०७ समूहमा महिला स्वमेविकाहरुलाई स्रोत व्यक्तिको रुपमा परिचालन गरि पोषण, सुरक्षित गर्भपतन, स्तनपान, पुर्ण सरसफाई जस्ता अभियान संचालन गरि १६०५ जना महिलाले जनाकारी पाएका छन् ।
- बाजुरा जिल्लाका सवै स्थानीय तहलाई मातृशिसु स्याहार र सुरक्षित गर्भपतनको बारेका जानकारी मुलक अनुशिक्षण कार्यकम संचालन भएका थिए ।
- काँडा  स्वास्थ्य चौकी र आटिचौर स्वास्थ्यचौकीमा विभिन्न स्वास्थ्य सामग्री सहयोग गरियो भने, देवलसैन स्वास्थ्य चौकीमा शौचालय निर्माण र जयबागेश्वरी स्वास्थ्यचौकीमा खानेपानी मर्मत सम्भार गरियो, बुढिगंगा वार्ड न ४ खोडालवाडामा गाउँघर क्निीकको भवन निर्माण गरियो । ७ वटा स्वास्थ्य संस्थाहरुलाई ४६ वटा स्टेचर सहयोग गरियो । गुदुखाती स्वास्थचौकीमा पलासान्टा पिट र डोगडी स्वास्थ्यचौकीमा फोहरफाल्ने खाल्डो निर्माण गर्न सहयोग गरियो ।
- ४ वटा विद्यालयमा खानेपानी, ३ वटा विद्यालयमा छात्रामैत्री शौचालय, ११ वटा विद्यालयमा ईन्सिनेटर र ५ वटा विद्यालयमा फोहर फाल्ने खाल्डोको निमार्ण गरियो । १० वटा विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापनको कक्ष व्यवस्थापनो लागि सामग्री सहयोग गरिएको थियो ।

- बुढिगंगा नगरापलिकाको सरसफाई रणनिती योजना निर्माणको लागि सहजीकरण सहयोग गरियो । १० वटा विद्यालयमा विद्यालय खानेपानी सरसफाई तथा स्वच्छता समन्वय समिति गठन तथा पुनर गठन गरि १९१ जनालाई अनुशिक्षण गरिएको थियो ।
- सवै बालबालिकाहरुको नियमित स्वास्थ्य जाँचको बारेमा अनुशिक्षण पश्चात १८४६ जना बालबालिकाहरुले स्वास्थ्य जाँच गरिएका मध्य जटिल समस्या देखिएका ४ जनालाई उच्च स्वास्थ्य संस्थामा संप्रेषण गरि रोगको निदान समेत गरिएको थियो ।
- महिनावारी स्वाच्छता व्यवस्थापन, यौन तथा प्रजनन स्वास्थ्य, खानेपानी र सरसफाईको बारेमा समुदाय तथा विद्यालय स्तरमा तालिम, अनुशिक्षण गर्दा ४५६०  जना प्रत्क्ष्य लाभान्वित भएका छन् ।
- स्वास्थ्यसंग सम्बन्धित विभिन्न  सन्देश मुलक प्रतियोगिता, दिवस, र्‍याली, सडक नाटक जस्ता अभियानहरुमा स्थनीय तह र अन्य सरोकारवाला निकायसंग समन्व गरि कार्यक्रम संचालन गरिए ।

## ७. वातावरण तथा प्रकोप व्यवस्थापन :

- बाजुरा जिल्लाको विपद व्यवस्थापन योजना, हिमाली गा.पा र बुढीनन्दा न.पा र १७ वटा वडाको विपद व्यवस्थापन योजना निर्माणमा प्राविधक सहयोग गरिएको थियो ।
- बुढिगंगा नगरपालिकाका ३, खप्तड छेडेदह गा.पा ४, बुढीनन्दा न.पा ७, र हिमाली गा.पा मा ४ विद्यालयमा विपद व्यवस्थापन योजना वनाउन प्राविधि सहयोगको साथै ३२ वटा विद्यालयमा विपद पूर्व तयारी नमूना अभ्यास समेतम गराईएको थियो ।
- हिमाली गा.पा को वडा नं ४ फैती, बाँधु, बुढीनन्दा न.पा वडा नं २ र ६ मा पहिरो रोकथामका लागि तटवन्धन, खप्तड छेडेदह गापाको खापर देवस्थली माविमा पहिरो रोकथामका लागि पर्खाल निर्माण सहयोग गरियो ।
- पीसविन बाजुरा र कृषी ज्ञान केन्द्र बाजुराको सांझेदारीमा बुढीनन्दा न.पा, हिमाली गा.पा मा वृक्षारोपण गरियो ।
- बुढीगंगा न.पा को ३ वटा र खप्तड छडेदह गा.पाको २ वटा विद्यालयमा विपद उद्धार सामग्री सहयोग गरियो ।

- विपद तथा प्रकोप सम्वन्धि समुदाय स्तरमा संचेतना जगाउन होडिङ वोर्ड र पम्पलेटहरु निर्माण गरि वितरण गरियो ।
- रेडियो कार्यक्रम बाँचौ र बचौं मार्फत प्रकोप पूर्व तयारी, विपद व्यवस्थापन गर्न जानकारीमूलक सन्देश रेडियोबाट प्रसारण गरियो ।
- राष्ट्रिय विपद (बाराको टर्नाटो) पीडिंतलाइ पीसविनका कर्मचारीहरुबाट रु १७ हजार सहयोग गरिएको थियो ।
- भुकम्प प्रतिरोधात्म क्षमता भएका संरचना निर्माण गर्न सचेतीकरण अभियान सञ्चालन गरियो साथै जिल्ला स्तरका बैठक गाष्ठिहरुका पनि अन्य संस्था तथा सरकारी तथा निजि निर्माणका योजना समेत भुकम्प प्रतिरोधात्मक अवधारणलाई कार्यान्वयन गर्न छलफल गरिएको थियो ।
- विद्युततीय उपकरण प्रयोग र सावधानी, सीसा र पलाष्टिक जन्य सामग्री व्यवस्थापनका बारेमा समुदाय तथा विद्यालय स्तरमा जनचेतना मूलक कार्यक्रम सञ्चालन गरियो ।
- पीसविनको संस्थागत विपद प्रतिकार्य योजना निर्माण गरि कार्य समितिबाट अनुमोदन गरि कार्यान्वयन समेत गरिएको थियो ।

**समुदायिक पहुँच तथा भौतिक पूर्वाधार विकास :**

- बाजुरा र अछाम जिल्लामा गरि ८ वटा झो.पु निर्माण कार्य सम्पन्न र ७ वटा झो .पु निर्माणाधिन अवस्थामा रहेका छन् ।
- बुढीगंगा नगरपालिको वडा नं ४मा गाउँघर स्वस्थ्य किलिनिकल निर्माण गरियो ।
- विद्यालय र स्वास्थ्य संस्थामा गरि जम्मा ६ वटा शौचालय, ११ वटा इन्सीनेटर र ६ वटा फोहर विर्सजन खाल्डोका साथै १ वटा पलासेन्ट पीट निर्माण गरियो ।
- ८ वटा सिचाँई नहर, ५ वटा खानेपानी निर्माण तथा मर्मत गरियो ।
- कोल्टी क्षेत्रमा ३ वटा तरकारी संकलन केन्द्र निर्माण सहयोग ।

**८.संस्थागत सुदृढिकरण :**

विकसित सामाजिक घट्नाक्रम, परिवेशलाई आधार मानेर पीसविनको दीर्घकालिन रणनीतिक योजना पुनरावलोकन गरिएको छ । संचालन हुने कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि स्थनीय तहसंग समन्वयको साथै समुदायको व्यापक सहभागीतामा क्रियाकलापहरु संचालन गर्ने रणनिति

अवलम्बन गरिएको छ । सकभर सबै सवालमा स्थानीय तहसंग साझेदारी गरेर कार्यान्वयन गर्ने कार्यनिति अगाडी बढाएको छ । सन् २०१८ मा भएका कार्यक्रहरुको प्रभाव मापन तथा संस्थाको भावी रणनितिलाई सार्वजनिकीकणका साथै सुझावहरु संकलन गर्न संस्थागत वार्षिक सामाजिक लेखाजोखा सम्पन्न गरेको छ । विभिन्न साझेदारका लेखा परिक्षक र अनुगमनबाट आएका सल्लाह सुझावहरुलाई कार्यसमितिको बैठकमा जानकारी गराई सुधारको लागि योजना समेत बनाइएको छ । संस्थागत कानुनी प्रकृयाहरु समयमै करचुक्ता, संस्थाको बार्षिक लेखापरीक्षण तथा सामाजिक लेखाजोखा साथै अन्य कानूनी प्रक्रियाहरुलाई आवस्यकता अनुसार पुरा गरिएको छ ।

यस वर्ष १ कम्प्युटर, १ वट क्यामेरा र केहि थान फर्निचर खरिद गरिएको छ । यो वर्ष ५ जना कार्यसमिति सदस्य ३२ जना कर्मचारीले क्षमता विकासको तालिम तथा समीक्षा गोष्ठिमा भाग लिएका छन् । यो वर्ष खरिद नियमावली, मानवसंसाधन नियमावली, आर्थिक नियमावली तथा विधानमा सामान्य परिमार्जन भएका छन् भने संस्थाको प्रकोप व्यवस्थापन तथा आपत्कालीन रणनितिक योजना तयार भै लागु गरिएको छ ।

**१०.अनुगमन तथा मूल्याङ्कन :**

- कार्यसमितिका अध्यक्ष र सदस्यहरुको संयुक्त टोलीबाट यो वर्षमा दुई पटक कार्यक्रमको अनुगमन गरेको छ ।
- कार्यक्रम प्रबन्धक निति संरक्षक र परियोजना प्रमुखबाट बेलाबेलाका कार्यक्रमको अनुगमन गरि सुधारको लागि सुझाव सल्लाह दिनको साथै सुधारको कार्ययोजना बनाई कार्यान्वयन समेत गरिएको थियो । मिलमा आएका सुझाव तथा गुनासोहरुलाई समयमै समानधान गरिएका थिए ।
- जिल्ला कार्यक्रम सल्लाहकार समिति र स्थानीय तहको तर्फबाट दुई पटक अनुगमन गरि थप सुधारका दिएका सुझावहरुलाई कार्ययोजना बनाई कार्यान्वयन समेत गरिएको थियो ।
- समाजकल्याण परिषद बाट कोल्टी भेगमा सञ्चालन भएका कार्यक्रमको अनुगमन गरी सुझाव सल्लाह प्राप्त भएको छ ।
- साझेदार (स्थानीय तह, सेभ द चिल्ड्रेन, केएर नेपाल, एक्सनएड, गुडनेवर्स ईन्टरनेशनल, टिबिएसयु, डब्लु, एच, एच, आईपास, यूनेस्को) संस्थाहरुको जिल्ला, क्षेत्र तथा केन्द्रिय टोलीबाट कार्यक्रम तथा आर्थिक प्रगतिको बारेमा अनुगमन गरियो । मासिक रुपमा भौचर

पुनरावलोकन र आन्तरिक तथा बाह्य अडिटरबाट आर्थिक कारोवारोको नियमित अडिट गरि प्राप्त सुझावका आधारमा कार्ययोजनाको निर्माण सहित कार्यान्वयन भएको छ ।

**सन् २०१९ को आम्दानी-खर्च विवरण**

| Name of Project | Approved Plan Budget | Expenditure | Balance |
|---|---|---|---|
| Internal & Trail bridget construction | 2,620,159.0 | 2,617,100.0 | 3,059.0 |
| LRP project | 3,000,000.0 | 2,794,826.0 | 205,174.0 |
| AADK-DTV | 3,625,000.0 | 1,435,200.0 | 2,189,800.0 |
| Youth Empowerment Project (YEP) | 9,001,997.0 | 9,001,953.0 | 44.0 |
| Community Development Project | 23,029,906.0 | 21,846,381.0 | 1,183,525.0 |
| SAMPURNA project | 29,416,096.0 | 28,816,096.0 | 600,000.0 |
| Safe Justice Project | 7,283,207.0 | 7,252,449.0 | 30,758.0 |
| SAS project | 2,609,035.0 | 2,266,552.0 | 342,482.9 |
| Skill development project | 2,870,175.0 | 2,766,904.0 | 103,271.0 |
| **Total** | **83,455,575.0** | **78,797,461.0** | **4,658,113.9** |

